## मिति २०७७/०६/३० गते सम्पन्न ४८ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७७ श्रावण १ गते देखी लागु हुने गरी २०७७ पौष मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री सुमन श्रेष्ठ |
| २. | ईन्जिनियर | श्री योगेश चापागाई |
| ३. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ४. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ५. | सब ईन्जिनियर | श्री मिलन दराई |
| ६. | सब ईन्जिनियर | श्री अनिल देबकोटा |
| ७. | असिस्टेन्ट सब ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ८. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ९. | कार्यालय सहायक | श्री लिला रावल |
| १०. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ११. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| १२. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| १३. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |
| १४. | कार्यालय सहायक | श्री गिता राई |
| १५. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १६. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री बाल गोविन्द महतो (अस्थायी) |
| १८. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १९. | कार्यालय सहयोगी | श्री लक्ष्मी अर्याल(अस्थायी) |
| २०. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| २१. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| २२. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| २३. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| २४. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| २५. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| २६. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| २७. | कार्यालय सहयोगी | श्री सुकमाया तमाङ्ग |
| २८. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २९. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| ३०. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| ३१. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| ३२. | सुरक्षा गार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| ३३. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३४. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

| | | |
|---|---|---|
| ३५. | कार्यालय सहयोगी | श्री सन्तोष अर्याल |
| ३६. | कार्यालय सहयोगी | श्री सुदिप चौधरी |
| **स्वास्थ्य तर्फका कर्मचारीहरु** | | |
| ३७. | ल्याव टेक्नीसियन | श्री सर्मिला चौधरी |
| ३८. | ल्याव टेक्नीसियन | श्री भिष्म चौधरी |
| ३९. | ल्याव टेक्नीसियन | श्री रमिला थपलिया |
| | | |
| ४०. | अहेब | श्री शर्मिला चौधरी |
| ४१. | अनमी | श्री लक्ष्मी शर्मा |
| ४२. | अनमी | श्री निर्मला महतो |
| ४३. | अनमी | श्री चन्द्रा कार्कि |
| ४४. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ४५. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ४६ | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ४७. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |
| **४८** | कार्यालय सहयोगी | श्री गिता सिंखडा |
| **दमकल तर्फका कर्मचारीहरु** | | |
| ४९. | दमकल चालक | श्री नमराज रिजाल |
| ५०. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ५१. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ५२. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. २ :**

स्थानीय पाठ्यक्रम प्रारुप २०७१ एवंम् स्थानीय पाठ्क्रम विकास र कार्यान्वयन मार्गदर्शन २०७६ अनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्न गठित समितिबाट कक्षा १ देखी कक्षा ८ सम्म लागू गर्ने गरी १०० पूर्णाङ्कको "**हामी र हाम्रो खैरहनी**" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी मिति २०७७/६/२० गते बसेको नगर शिक्षा समितिमा पेश भएको र उक्त बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०७७ मा कक्षा १ मा लागू गरी क्रमश: कक्षा थप गर्दै जाने गरी उक्त स्थानीय पाठ्यक्रम लागू गर्न स्वीकृतीका लागि नगर कार्यपालिकालाई सिफारिश गरेकोले नगर शिक्षा समितिबाट स्वीकृतीका लागि सिफारिश भई आएको स्थानीय पाठ्यक्रम २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएको निम्नानुसारको कार्यविधिमा दफावार छलफल गरी संशोधन सहीत पारीत गर्ने निर्णय गरियो ।

- अति विपन्न परिवारको लागि स्वास्थ्य बिमा सञ्चालन सम्बन्धी कार्यविधि २०७७

**निर्णय नं. ४ :**

खैरहनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १५२ बमोजिम गठित समितिको मिति २०७७/५/२१ मा बसेको बैठकले विभिन्न सामाग्रीको स्थानीय चलन चल्तीको दररेट तथा जिल्ला दररेटका आधारमा आ.व. २०७६/७७ का लागि निर्धारण गरिएको स्थानीय दररेटलाई नै आ.व. २०७७/७८ का लागि

कायम गर्ने सिफारिश गरेकोले २०७७ श्रावण १ गतेबाट लागू हुने गरी आ.व. २०७६/७७ का लागि निर्धारण गरिएको स्थानीय दररेटलाई कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

तपसिल बमोजिका योजनाहरुमा तपसिल बमोजिमका शिर्षकबाट रकम बिनियोजन तथा खर्च गर्ने निर्णय गरियो ।

(क) ईलाका प्रहरी कार्यालयमा शौचालय निर्माणको लागि रु.१,६०,०००।- ममर्त संभार विशेष कोषबाट खर्च गर्ने गरी योजना सञ्चालन गर्ने,
(ख) वडा नं. ५ को गौचरणमा सञ्चालन भएको फोहर व्यवस्थापन स्थलमा शौचालय, खाने पानी व्यवस्था, र सोलार जडान, वडा नं. ६ को सार्वजनिक शौचालयमा पानीको व्यवस्था र विद्युतको व्यवस्था गर्नको लागि रु रु. ५,००,०००।- स्थानीय विकास विशेष कोषबाट बजेट बिनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने,
(ग) गत आ.व.मा जिल्ला समन्वय समिति चितवनबाट वडा नं. २ को जनजीवन मा.वि.मा पुस्तकालय स्थापनाको लागि रकम बिनियोजीत भई कार्य सम्पन्न गरी भुक्तानीको लागि जिल्ला समन्वय समिति चितवनमा लेखी पठाईएकोमा सो समितिको मिति २०७७/६/२१ च.नं. ९६ को पत्रद्धारा जिल्ला मौज्दात कोष सञ्चालन निर्देशिका २०७५ बमोजिम भौतिक पूर्वाधारको लागि बिनियोजीत रकम सामान खरिद कार्यमा खर्च भएको देखिएकोले भुक्तानी दिन नसकिने भनी लेखी आएकोले उक्त पुस्तकालय स्थापनाको लागि खर्च भएको रकम रु.४,५०,०००।- गत आ.व.को भुक्तानी दिन बाँकी रकमको रुपमा प्रमाणीत गरी स्थानीय विकास विशेष कोषबाट भुक्तानी दिने,
(घ) यस नगरपालिका अन्तरगतको वडा नं. १२ को भवन अगाडि कम्पाउण्ड वाल र गेट निर्माण गर्नको लागि रु.५,००,०००।- नगरस्तरीय पूर्वाधार कार्यक्रमबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

विभिन्न मितिमा नगर प्रमुखबाट कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी भएका तपसिल बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।
(क) नगरसभाबाट पारित भएको आर्थिक ऐनमा बिष्कुट उद्योगको दर्ता शुल्क तथा वार्षिक व्यावसाय करको बारेमा उल्लेख नभएकोले बिष्कुट उद्योगको दर्ता शुल्क रु.४०,०००।- र वार्षिक शुल्क रु.२५,०००।- कायम गर्ने गरी नगर प्रमुखबाट मिति २०७७/४/५ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
(ख) यस नगरपालिका अन्तरगतको खैरहनी प्राथमिक स्वास्थ्य चौकीमा एक जना मात्र मेडीकल अधिकृतको दरबन्दी रहेको, दरबन्दीमा कार्यरत मेडिकल अधिकृत छात्रवृतिमा एम डी गर्न गएको, स्वास्थ्य मन्त्रालयले काजमा पठाएका मेडिकल अधिकृत २ जनाको करार अवधी पनि यही २०७७/५/१० गतेबाट समाप्त भई मेडिकल अधिकृतको अभावमा स्वास्थ्य केन्द्रको काममा असर परेकोले दुई जना मेडिकल अधिकृतलाई स्वास्थ्य मन्त्रालयबाट मेडिकल अधिकृतको व्यवस्था नभएसम्मको लागि करारमा नियुक्ती गर्ने गरी नगर प्रमुखबाट मिति २०७७/४/२९ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।
(ग) नगरपालिकाको फोहर व्यवस्थापन स्थलमा संकलन हुने पुनः प्रयोग तथा पुनः प्रशोधन गर्न मिल्ले वस्तु छुट्याई बिक्री वितरणको जिम्मा स्काई लाईन विल्डर्स प्रा.लि. रत्ननगर १२ चितवनलाई वार्षिक रु. १,५०,०००।- का हिसाबले मासिक रुपमा हुन आउने रकम नगरपालिकामा दाखिला गर्ने गरी उपरोक्तानुसारका सामानहरु

छुट्याई बिक्री वितरणको अनुमती दिने गरी नगर प्रमुखबाट मिति २०७७/५/।३० मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) वडा नं. १ को नवनिर्मित प्रशासनीक भवन अगाडिको नालामा कंक्रिट लाईलिङ्ग निर्माण गर्ने गरी नगर प्रमुखबाट मिति २०७७/६/२ मा स्थानीय विकास विशेष कोषबाट खर्च गर्ने गरी रु.५,००,०००।- बिनियोजन गर्ने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ङ) वडा नं. १ को गणेश चोकमा निर्माण भएको काशी नम्रता स्मृती प्रतिष्ठान निर्माणको लागि स्थानीय विकास विशेष कोषबाट खर्च गर्ने गरी रु.३,५०,०००।- उपलब्ध गराउने गरी नगर प्रमुखबाट मिति २०७७/६/५ निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(च) सार्वजनिक शौचालय प्रयोग वापत प्रयोगकर्ता व्यक्तिबाट सरसफाई शुल्क वापत दिसा गरेको शुल्क रु.१०।- र पिसाब गरेको शुल्क रु.५।- कायम गर्ने गरी नगर प्रमुखबाट मिति २०७७/६/७ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(छ) यस आ.व.को लागि यस नगरपालिका क्षेत्रभित्रको विज्ञापन कर संकलनको लागि जिम्मा लिएको संस्था आकृती एडभरटाईजिङ्ग बिराटनगर ४ ले यस नगरपालिकासंग मिति २०७६/५/१ मा भएको सम्झौता अनुसार यस आ.व.मा दाखिला गर्नु पर्ने रकम दाखिला नगरी खैरहनी नगपालिकाको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको कानून (संशोधन सहीत) २०७४ को दफा १३ग. को उपदफा (१) को खण्ड (च) बमोजिमको कसुर गरेकोले ऐनको सोही दफाको उपदफा (३) बमोजिम संस्थासंग मिति २०७६/५/१ मा भएको सम्झौता तोडि उक्त संस्थाले तिन वर्षसम्म यस नगरपालिका क्षेत्रभित्रको कुनै पनि खरिद कार्य, आय ठेक्का सम्बन्धी कार्यमा सहभागी हुन नपाउने गरी कालो सूचीमा राख्ने गरी नगर प्रमुखबाट मिति २०७७/६/१५ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस नगरपालिका वडा नं. १२ का वडा सदस्य श्री बद्री बहादुर पाण्डे क्यान्सर रोगबाट पिडित हुनु भएकोले निजलाई नगरपालिकाको आर्थिक सहायतामा बिनियोजन भएको रकमबाट रु.१,२५,०००।- र वडा नं. १३ का वडा सदस्य श्री लक्ष्मी सुनार मृगौला रोगबाट पिडित भई उपचारको क्रममा रहनु भएकोले निजलाई नगरपालिकाको आर्थिक सहायतामा बिनियोजन भएको रकमबाट रु.१,२५,०००।- सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो । साथै कार्यपालिकाको आजको बैठकको नियमानुसार हुने बैठक भत्ता वापतको रकम सदस्य द्वयलाई बराबर हुने गरी सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस नगरपालिकामा गाभिएको साविक खैरहनी गा.वि.स. देखिनै अस्थायी रुपमा कार्य गरी मिति २०७६/७/१ देखि लागु हुने गरी अनिर्वाय अवकाश हुनु भएका कार्यालय सहयोगी श्री हरीलाल अधिकारीलाई यस वर्षको बजेटमा व्यवस्था भए बमोजिम नगरपालिकाको तर्फबाट सहयोग स्वरुप रु. १,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

वडा नं. ३ को  लामिछाने डल्लाकोटि टोल हुदै लदरी खोला जोडने ढल निर्माणको कार्य प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तरगत गत आ.व. २०७६/०७७ मा सञ्चालन भएकोमा मिति २०७७/३/३१ गते भुक्तानी गर्दा

प्रविधिमा आएको गडबडीको कारणले ४६,४९,५४८/१५ भुक्तानी दिनु पर्नेमा ३६,८१,४३८।- मात्र भुक्तानी भई रु.९,६८,१११।- छुट हुन गएकोले छुट भएको रकम रु.९,६८,१११।- प्रदेश पूर्वाधार विकास कार्यक्रमबाट भुक्तानी हुने गरी भुक्तानी दिन बाँकी प्रमाणीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नदिजन्य तथा खानीजन्य पदार्थ अवैध चोरी निकासी गर्दा प्रयोग हुने ट्याक्टर, टिप्पर तथा जेसिभिलाई प्रहरी कर्मचारीहरुले नियान्त्रणमा लिई नगरपालिकामा बुझाएको खण्डमा उक्त साथनबाट जरिवाना स्वरुप प्राप्त रकम मध्ये अवैध चोरी निकासी नियन्त्रणमा सहभागी प्रहरी कर्मचारीलाई प्रोत्साहन स्वरुप २५ प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था रहेकोमा त्यसरी अवैध चोरी निकासी कार्यमा प्रयोग भएका साधनलाई नगरपालिकाका नगर प्रहरीले नियान्त्रणमा लिएको खण्डमा पनि त्यस्ता साधनबाट असुल भएको रकमको २५ प्रतिशत रकम नगर प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

२०७७ सालको नेपालीहरुको महान चाडहरु वडा दशै, शुभ दिपावली तथा छठ पर्वको उपलक्षमा सम्पूर्ण नगरवासीहरुमा नगरपालिका परिवारको तर्फबाट सुख, सम्वृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतीको कामना सहीत हार्दिक शुभकामना व्यक्त गर्दछौं । हाल COVID-19 भाईरसको कारण महामारीको रुप लिई रहेकोले यसबाट बच्नको लागि सम्पूर्ण नगरवासीहरुले सतर्क र सुरक्षीत रही चाडवाडहरु मनाउन समेत नगरवासीहरुमा हार्दिक अपिल गर्ने निर्णय गरियो ।